# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०१ जून २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

1. केन्द्रीय गृहमन्त्री अमित शाहले आज कलकत्ताको न्यु टाउनमा केन्द्रीय फोरेन्सिक विज्ञान प्रयोगशाला (CFSL) को नयाँ भवनको उद्घाटन गरर्नुभयो।
2. दार्जीलिङका सांसद राजु बिष्ट आज एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै आगामी पश्चिम बङ्गाल लोक सेवा परीक्षा (WBCS 2025)-मा केही भाषा विकल्पहरू हटाइएको सम्बन्धमा गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ।
3. मंगर संघ भारत खरसाङ शहरिया समितिको वार्षिक साधारण सभा खरसाङमा सम्पन्न भयो।
4. देशको 6 उत्तर-पूर्वी राज्यहरूमा विगत दुइ दिनमा मूसलाधार वर्षाका कारण जन-जीवन प्रभावित बनेको छ। पश्चिम बंगालको हिमालय क्षेत्र, सिक्किम लगायत अन्य उत्तर-पूर्वी राज्यहरूमा भोलि सम्म तेज वर्षा हुने मौसम विभागले अनुमान व्यक्त गरेको छ|
5. आज विश्व दुग्ध दिवस हो। यो दिवसलाई आजीविकाको प्रमुख श्रोतको रूपमा दूधको महत्वलाई रेखांकित गर्नको निम्ति मनाइन्छ।

**गृहमन्त्री अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज कलकत्ताको न्यु टाउनमा केन्द्रीय फोरेन्सिक विज्ञान प्रयोगशाला (CFSL) को नयाँ भवनको उद्घाटन गरर्नुभयो। यस अवसरमा बोल्दै उहाँले भन्नुभयो कि यो अत्याधुनिक सुविधाले पश्चिम बंगालमा मात्र नभई सम्पूर्ण उत्तरपूर्वी भारतमा अपराधिक न्याय प्रणालीलाई सुदृढ पार्न महत्वपूर्ण भूमिका खेल्नेछ। यो उल्लेखनीय छ कि केन्द्रीय विधि विज्ञान प्रयोगशाला देशको प्रमुख संस्थाहरू मध्ये एक हो जसले वैज्ञानिक तरिकाले अपराध अनुसन्धानमा सहयोग प्रदान गर्दछ। न्यू टाउनमा नयाँ भवन सञ्चालनमा आएसँगै, डिजिटल फोरेन्सिक, डीएनए परीक्षण, फिंगरप्रिन्ट विश्लेषण र अन्य प्राविधिक विशेषज्ञतासँग सम्बन्धित सुविधाहरू अब अझ सुलभ हुनेछन्। केन्द्र सरकारको यस परियोजनाले राज्य र उत्तर-पूर्वी क्षेत्रमा अपराधहरूको द्रुत र वैज्ञानिक समाधान सुनिश्चित गर्ने लक्ष्य राखेको छ। यसबाट राज्य पुलिस बल, केन्द्रीय अनुसन्धान एजेन्सीहरू र न्यायपालिकालाई फाइदा हुनेछ। यसअघि केन्द्रीय गृह तथा सहकारी मामिला मन्त्री अमित शाह दुई दिने भ्रमणमा शनिबार साँझ कोलकाता पुग्नुभएको थियो। आफ्नो भ्रमणको दोस्रो दिन, गृहमन्त्रीले नेताजी इनडोर स्टेडियममा भाजपा नेताहरू र अधिकारीहरूलाई सम्बोधन गर्नुहुनेछ। स्रोतका अनुसार आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै अमित शाहको यो भ्रमणलाई रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ। गृहमन्त्री अमित शाहले कार्यक्रमलाई सम्बोधन गर्नुहुदै पश्चिम बंगालमा तृणमूल कांग्रेस सरकारको कडा आलोचना गर्नुभएको छ। उहाँले भारतीय जनता पार्टीले २०२६ को विधानसभा चुनावमा राज्यमा आफ्नो सरकार बनाउने लक्ष्य राखेको दाबी गर्नुभएको छ। राज्यको कानून व्यवस्थाको स्तिथिको उल्लेख गर्नुहुदै गृहमन्त्रीले चुनावपछिको हिंसा, सीमापार घुसपैठ, भ्रष्टाचार र महिला विरुद्धको अपराधमा वृद्धिलाई प्रशासनिक विफलता रहेको बताउनुभएको छ। उहाँले राज्य सरकार लोकतन्त्र कायम राख्न असफल भएको आरोप पनि लगाउनु भएको छ।

**सांसद राजु बिष्ट**

दार्जीलिङका सांसद राजु बिष्ट आज एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै मैले पश्चिम बङ्गालकी माननीय मुख्यमन्त्री सुश्री ममता ब्यानर्जीलाई सम्पर्क गरेर आगामी पश्चिम बङ्गाल लोक सेवा (कार्यकारी), आदि परीक्षा (WBCS 2025)-मा केही भाषा विकल्पहरू हटाइएको सम्बन्धमा गम्भीर चिन्ता व्यक्त गर्नु भएको छ ।

*BYTE*

*सांसद बिष्टले उहाँलाई हिल्स स्टुडेन्ट्स युनियन (HSA) अनि अल बङ्गाल आदिवासी स्टुडेन्ट्स एशोसिएशन बाट प्रतिवेदनहरू प्राप्त भएको छ जसमा संशोधित परीक्षा योजना र पाठ्यक्रममा भेदभावपूर्ण व्यवहार गरिएको कुरामाथि प्रकाश पारिएको बताउनुभएको छ। उहाँले यस प्रतिवेदन मार्फत दुई प्रमुख मुद्दाहरू १.मुख्य परीक्षा अन्तर्गत वैकल्पिक विषयहरूको सूचीमा नेपालीलाई समावेश नगरिएको २. सामान्य परीक्षा पत्र ए अन्तर्गत वैकल्पिक विषयहरूको रूपमा सन्थाली र हिन्दीलाई हटाइएकोमा चिन्ता व्यक्त गर्नुभएको छ| उहाँले यस परिवर्तनले ठूलो संख्यामा हाम्रा गोर्खा अनि आदिवासी विद्यार्थीहरूमाथि सोझो असर पर्नेछ जसमध्ये धेरैजसोले उनीहरूको मातृभाषाको रूपमा नेपाली, वा सन्थाली पढ़ेका छन् अनि ती भाषाहरूमा नै आफ्नो शिक्षार्जन गरिरहेका छन्। यी भाषा विकल्पहरू हटाइनाले WBCS तथा अन्य पश्चिम बङ्गाल लोक सेवा आयोग (WBPSC) परीक्षाहरूमा उचित प्रतिस्पर्धा गर्ने उनीहरूको सक्षमता गम्भीर रूपले बाधित हुनेछ। यसले गर्दा, नेपाली, सन्थाली वा हिन्दी माध्यममा शिक्षार्जन गरेका विद्यार्थीहरूसमक्ष ठूलो बाधा उत्पन्न हुनेछ, अनि अब उनीहरूले राज्य-स्तरीय प्रतिस्पर्धात्मक परीक्षामा आफैंलाई हानी हुने अवस्था परेको अनुभव गरिरहेको बताउनुभएको छ। माननीय मुख्यमन्त्रीलाई उहाँले पठाउनु भएको पत्रमा यस अधिसूचनाको कार्यान्वयनलाई तत्काल रद्द गर्ने आग्रह गरेको बताउनुभएको छ।*

## मंगर संघ भारत

मंगर संघ भारत खरसाङ शहरिया समितिको वार्षिक साधारण सभा खरसाङमा सम्पन्न भयो। उक्त वार्षिक साधारण सभा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको कार्यकारी सभासद एवं मंगर संघ भारत केन्द्रीय समितिको संरक्षक रतन थापाको प्रमुख आतिथ्यमा सम्पन्न भयो। अतिथिहरुका बाहुलीबाट दीप प्रज्ज्वलन साथै अपरेशन सिन्दुरको सफलतामा शहीद सपुतहरुको स्मरण र दिवंगत सदस्यहरूको स्मरण गर्दै मौन धारण गरियो। कार्यक्रममा पुरानो कमिटी विघटन गरेर मंगर संघ भारत खरसाङ शहरिया समितिको नयाँ कमिटी गठन गरियो। यस कार्यक्रममा डा भावना थापालाई मंगर संघ भारतको तर्फबाट सम्मान जनाइएको पनि समाचार प्राप्त भएको छ।

## किक बक्सिङ एसोसिएसन आफ दार्जिलिङ

विद्यार्थीहरूहरूलाई किताबी शिक्षासगै अन्य शिक्षा पनि अनिवार्य छ भन्ने सन्देश दिदै तथा उनीहरूलाई शरिरिक रूपमा सक्षम बनाउदै आत्मा सुरक्षा गराउने मुख्य उद्देश्यको साथमा संचालित सस्था किक बक्सिङ एसोसिएसन आफ दार्जिलिङ अनि गोर्खा वारियर काम्बैट क्लब जसले बिजनबारी क्षेत्र सगै दार्जिलिङको विभिन्न सरकारी तथा निजी बिधालयका विद्यार्थीहरु मार्सल आर्ट्स प्रशिक्षण दिइरहेको संस्थाका प्रमुख सञ्जय राईले बताउनुभएको छ। पत्रकारहरूसित कुराकानी गर्नुहुदै उहाँले अहिले यस क्लबमा दार्जिलिङ अनि बिजनबारी क्षेत्रका बीस भन्दा अधिक विद्यालयका नानीहरूले तालिम लिइरहेको बताउनुभएको

## मतिगढा -अफगानी युवती पक्राउ

मतिगढा पुलिसले दुई अफगानी युवतीलाई पक्राउ गरेको छ। पुलिसले दुवै युवतीलाई होटलबाट पक्राउ गरेको छ। पुलिस स्रोतका अनुसार दुवै अफगानी युवती एक होटलमा बस्न आएका थिए। जब होटल व्यवस्थापनलाई उनीमाथि शंका लागेपछि, उनीहरूले पुलिसलाई खबर गरेका थिए। जानकारी पाएपछि मतिगढा पुलिस थानाको पुलिसले घटनास्थलमा पुगेर सोधपुछ गरेपछि दुवै युवतीलाई हिरासतमा लिएको छ। पुलिस अनुसन्धानबाट दुवै युवतीको पासपोर्टको समय सिमा सकिएको थाहा लागेको छ। त्यसपछि पुलिसले दुवै युवतीलाई हिरासतमा लिएर थप कारबाही सुरु गरेको छ।

## पूर्वोत्तर वर्षा

देशको ६ उत्तर-पूर्वी राज्यहरूमा विगत दुइ दिनमा मूसलाधार वर्षादेखि जन-जीवन प्रभावित बनेको छ। विगत २४ घण्टामा तेज वर्षाको कारण पहिरो, भवन ढल्ने अनि डुब्ने घटनाहरूमा २७ मानिसहरूको मृत्यु भएको छ। बंगालको खाड़ीमा हिज पनि लगातार दोस्रो दिन तेज वर्षा भयो। तेज वर्षासित सम्बन्धित घटनाहरूमा अरूणाचल प्रदेशमा ९, मेघालयमा ६, असम अनि मिजोरममा ५-५ तथा त्रिपुरा अनि नागाल्याण्डमा १-१ मानिसहरूको मृत्यु भएको छ। धेरै जिल्लामा यातायात पनि प्रभावित भएको छ। पश्चिम बंगालको हिमालय क्षेत्र, सिक्किम, असम, मेघालय, अरूणाचल प्रदेश, नागाल्याण्ड, मणिपुर, मिजोरम अनि त्रिपुरामा भोलिसम्म तेज वर्षाको सम्भावना रहेको छ।

यसै बीच केन्द्रीय गृहमन्त्री अमित शाहले पूर्वोत्तरको चार राज्यहरू- असम, मणिपुर, सिक्किम अनि अरूणाचल प्रदेशको मुख्यमन्त्रीहरूसित सम्पर्क गरेर क्षेत्रमा मनसून वर्षाको कारण बाढ़ अनि पहिरोसित निप्टनमा पूर्ण समर्थन दिने प्रस्ताव दिनुभएको छ।

## विश्व दूध दिवस

आज विश्व दुग्ध दिवस हो। यो दिवसलाई आजीविकाको प्रमुख श्रोतको रूपमा दूधको महत्वलाई रेखांकित गर्नको निम्ति मनाइन्छ। वैश्विक स्तरमा, दूध उत्पादन प्रति वर्ष दुइ प्रतिशतको दरले बढ़िरहेको छ तर भारतमा यसको वृद्धि दर 5 दशमलव 7 प्रतिशत छ। आज विश्वको एक-चैथाई दूध उत्पादन भारतमा हुँदछ। देशमा सबैभन्दा अधिक दूध उत्पादन गुजरातमा हुँदछ।

## मिरिक

आगामि 5 जुन विश्व विश्व पर्यावरण दिवश अनि आगामी बर्खालाई  धयानमा राख्दै मिरिकको पर्यटकीय सुन्दरतालाई अझ सुन्दर बनाउन  भारतीय यगोर्खा प्रजातान्त्रिक  मोर्चा मिरिक महकुमा युवा शक्ति को पुर्वघोषित कार्यक्रम अनुसार आज मिरिक 23/24/25 नं समष्टि को युवाहरुको व्यापक सहभागितामा सभासद्हरुको उपस्तिथि मा SH 12 दुधे दखलि गोलाई देखि आहाले खेल मैदान छेउ सम्म को सडक छेउछाउ फालिएको प्लाष्टिक मैलाहरुको सरसफाई साथै फ्लेक्स लगआउन कार्य  गरिएको छ।

****** ० ******